**The Journal of DMC**
(A Peer-Reviewed Open Access Interdisciplinary Research Journal)
Vol. IV Issue 1 March, pp.152-167
ISSN 2717-4719
e-Journal Site: https://www.dsmc.edu.np/journal/

# नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइका कार्यकलापका चुनौती

**भुपेन्द्र बि.सी.**

**Article History**

Received: 30 May ,2025
Revised: 29 September, 2025
Accepted:12 October, 2025

**Corresponding Author:**
Bhupendra B.C
TU
Email: *hupendra.bc11@gmail.com*

**Publisher:**
Research Management Cell
Drabya Shah Multiple Campus,
Gorkha, Nepal
Email: info@dsmc.edu.np
Website: www.dsmc.edu.np
**Copyright:** Authors/ Publisher
This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License

## लेखसार

*सहकार्यात्मक सिकाइ विद्यार्थी केन्द्रित कार्यकलाप हो । यसले विद्यार्थीको सक्रिय सिकाइमा जोड दिन्छ । साथै यो साथीहरूको सहयोग र सहकार्यका आधारमा सिक्न सकिन्छ भन्ने मान्यतामा आधारित छ । प्रस्तुत अध्ययन नेपाली भाषा कक्षाकोठामा सहकार्यात्मक सिकाइका चुनौतीहरू पहिचान गर्ने उद्देश्यले तयार पारिएको छ । यो अध्ययन गुणात्मक अनुसन्धानअन्तर्गत फेनोमेनोलोजी ढाँचामा आधारित रहेर तयार गरिएको छ । सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकालाई शोधक्षेत्रका रूपमा लिई उद्देश्यमूलक नमुना छनोट विधिबाट पाँच जना नेपाली भाषा शिक्षकहरूलाई छनोट गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि गहन अन्तर्वार्ता विधि अपनाइएको छ । प्राप्त तथ्याङ्कहरूलाई सार विश्लेषण पद्धतिबाट विश्लेषण गरी नतिजा निकालिएको छ । कक्षाकोठामा परम्परागत शिक्षण विधि, विद्यार्थी सङ्ख्या र उनीहरूको बसाइ, विद्यार्थी सहभागिता र सक्रियता, समय र सामग्रीको असहजता एवम् शिक्षकको पेसागत विकास र मनोवृत्तिलाई मुख्य चुनौतीका रूपमा लिइएको छ । यस्ता चुनौतीहरूलाई न्यूनीकरण गरी नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइलाई उपयोग गर्न सकिन्छ । नेपाली भाषा शिक्षणलाई विद्यार्थी केन्द्रित र उपलब्धिमूलक बनाउन सहकार्यात्मक सिकाइ उपयोगी हुन्छ । त्यसका लागि सहकार्यात्मक सिकाइका चुनौतीहरूलाई न्यूनीकरण गर्न आवश्यक छ ।*

**मुख्य शब्दावली** : *सहकार्यात्मक सिकाइ, चुनौती, सक्रियता, सहभागिता, मनोवृत्ति*

## विषय प्रवेश

सिकारुमा भाषिक सिपको विकास गराउनु नै भाषा शिक्षण हो । भाषा शिक्षणमा भाषिक बोध र अभिव्यक्तिका सिपलाई केन्द्रमा राखेर शिक्षण गरिन्छ । नेपाली भाषा शिक्षणमा पनि सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकासलाई प्राथमिकता दिनुपर्ने हुन्छ । विद्यार्थीका भाषिक सिपलाई प्राथमिकता दिनु भनेको भाषा शिक्षणलाई विद्यार्थी केन्द्रित बनाउनु हो । विद्यार्थी केन्द्रित कक्षाकोठामा विद्यार्थीहरूले भाषाका सिपहरूको अभ्यास र विकास गर्ने अवसर पाउँछन् । सहकार्यात्मक कार्यकलाप पनि विद्यार्थी केन्द्रित कार्यकलाप हो । समान उद्देश्य हासिल गर्नका लागि जोडी वा साना समूहमा सञ्चालन गरिने कार्यकलापलाई सहकार्यात्मक कार्यकलाप भनिन्छ । समूह वा जोडीमा आवद्ध भइ सक्रियतापूर्वक सिक्ने सिकाइका रूपमा सहकार्यात्मक सिकाइलाई लिइएको छ । स्मिथ र म्याकग्रेगरले (सन् १९९३) ले दुई वा सोभन्दा बढी व्यक्तिहरूले समान लक्ष्य प्राप्ति, कुनै कार्य पूर्णता वा कुनै समस्या समाधान गर्नका लागि सँगसँगै मिलेर कार्य गर्छन् भने त्यस्तो सिकाइ प्रक्रियालाई सहकार्यात्मक सिकाइका रूपमा चिनाएका छन् (पृ.२) । यसमा विद्यार्थीहरू सक्रिय सहभागी भई साथी समूहबाट सिक्छन् । उनीहरूले एकअर्कासँग अन्तरक्रिया गरी आफ्नो आफ्नो सामाजिक सिपहरू विकास गरिरहेका हुन्छ । लाल र लाल (सन् २०१२) ले सहकार्यात्मक सिकाइलाई समस्या समाधान गर्न, कार्य पूरा गर्न, नयाँ कुरा सिर्जना गर्नका लागि समूहमा सँगसँगै मिलेर काम गरिने शैक्षिक दृष्टिकोणका रूपमा परिभाषित गरेका छन् । समूहको समस्या समाधान वा साझा उद्देश्य पूरा गर्नका लागि आफू जिम्मेवार र प्रतिबद्ध रहन्छन् । वर्तमान समयमा सहकार्यात्मक सिकाइ प्रचलनमा आएको शैक्षणिक उपागम हो । नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइका कार्यकलापहरू कमै मात्रामा उपयोग भएको पाइन्छ।

नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइलाई प्रभाव पार्ने तत्त्वहरूको खोजी गर्नका लागि यो अध्ययन गरिएको छ । सहकार्यात्मक सिकाइले भाषा शिक्षणलाई अन्तरक्रियात्मक र विद्यार्थी केन्द्रित बनाउने भएकाले नेपाली भाषा शिक्षणमा यसको प्रयोग गर्नु आवश्यक रहेका छ । सहकार्यात्मक सिकाइका प्रभावकहरूलाई पहिचान गरी त्यसलाई न्यूनीकरण गरी नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइ उपयोग गर्न यो अनुसन्धान उपयोगी हुने छ । विश्वपरिवेशमा राम्रो छाप पारिरहेको सहकार्यात्मक सिकाइसम्बन्धी अन्य विषयमा विभिन्न खोज एवम् अनुसन्धान भएको देखिन्छ । नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइसँग सम्बधित अध्ययनहरू पर्याप्त हुन सकेका छैनन् । नेपालको सन्दर्भमा सहकार्यात्मक सिकाइलाई प्रभाव पार्ने पक्षहरूको खोजी गरिएको छैन । प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षणमा सहकार्यात्मक कार्यकलापहरूको प्रयोग गर्दा के कस्ता विषयले प्रभाव पार्छन् भन्ने विषयलाई केन्द्र बनाइ यो अध्ययन गरिएको छ ।

## समस्या कथन र उद्देश्य

विद्यार्थीहरूमा भाषिक कौशल विकास गराउने उद्देश्यले भाषा शिक्षण गरिन्छ । विद्यार्थीहरूमा उक्त कौशलको विकासका लागि शिक्षकले विद्यार्थी केन्द्रित कार्यकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । नेपाली भाषा शिक्षण परम्परागत छ भन्ने विषयमा विभिन्न विचारहरू प्राप्त भएका छन् । ढकाल ( सन् २०२४) ले अझै पनि सिकारु केन्द्रित विधि तथा क्रियाकलापहरूभन्दा शिक्षक केन्द्रित विधि तथा क्रियाकलापहरू नै बढी मात्रामा प्रयोगमा रहेको बताएका छन् (पृ. १४९) । सहकार्यात्मक सिकाइ विद्यार्थी केन्द्रित रणनीति हो । यसले परम्परागत शिक्षक केन्द्रित विधिलाई विद्यार्थी केन्द्रित ढाँचामा ल्याउन सहयोग गर्छ (स्थिम र ग्रेगोर, सन् १९९३) । यस अध्ययनमा यस्तो रणनीति नेपाली भाषा शिक्षणमा उपयोग हुन नसक्नुका कारणहरूको खोजी गरिएको छ । नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइका रणनीतिहरू प्रयोग गर्दा के कस्ता चुनौतीहरूले प्रभाव पारिरहेका छन् भन्ने

कुरालाई समस्याका रूपमा लिइएको छ । नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइलाई प्रभाव पार्ने तत्त्वहरूको खोजी गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइ रणनीतिहरूको उपयोग गर्दा त्यसलाई प्रभाव पार्ने पक्षहरूसँग सम्बन्धित छ । यस अध्ययनमा गुणात्मक अनुसन्धानको फेनोमेनोलोजी ढाँचालाई अवलम्बन गरिएको छ। ट्रासी (सन् २०१३) ले अधिकांश गुणात्मक अनुसन्धान आफैमा सापेक्ष हुने र यसमा अनुसन्धाता र सहभागीका बिच एक एक गरेर अन्तरक्रिया गरिने (पृ. ६) जनाएका छन् । फेनोमेनोलोजीले कुनै विषय वा घटनाका बारेमा व्यक्तिका जीवन्त अनुभवहरूको व्याख्या गर्दछ (केसवेल, सन् २०१३, पृ. ७६) । यसमा कुनै विषय वा फेनोमेनोनमा व्यक्तिले हासिल गरेका अनुभवका आधारमा यथार्थको खोजी गरिएको हुन्छ । प्रस्तुत अध्ययनमा सुर्खेत जिल्लाका वीरेन्द्रनगर नगपालिकाका माध्यमिक तह कक्षा नौ र दशमा अध्यापन गराउने ५ जना नेपाली भाषा शिक्षकहरूलाई उद्देश्यमूलक नमुना छनोट पद्धतिबाट चयन गरी गहन अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्तालाई रेकर्ड गरी लिपिमा उतारिएको छ। उक्त तथ्याङ्कसँग परिचित हुने, कोडिङ गर्ने, थिम बनाउने, थिमलाई परिभाषीकरण गर्ने र लेखन गर्ने चरणहरूको उपयोग गरी तथ्याङ्क विश्लेषण गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

सहकार्यात्मक सिकाइ सम्बन्धमा विभिन्न अध्ययन, अनुसन्धान भएको पाइन्छ। नेपालमा पनि केही अध्ययनहरू भएका छन् । स्वदेश तथा विदेशमा भएका सम्बन्धित अध्ययनहरूलाई यहाँ सारगत रूपमा समीक्षा गरिएको छ ।

### सहकार्यात्मक सिकाइ

सहकार्यात्मक सिकाइ विद्यार्थी केन्द्रित सिकाइ रणनीति हो। यो समूह तथा जोडीमा आधारित भएर सञ्चालन गरिन्छ। दुई वा सोभन्दा बढी व्यक्तिहरूका बिचमा अन्तरक्रिया, सहयोग आदानप्रदान गर्दै समूहको लक्ष्य एवम् समस्या समाधान गर्ने तरिकाका रूपमा यसलाई लिइन्छ। सन् १९६० को दशकमा बेलायतको लन्डन विश्वविद्यालयका स्वास्थ्य क्षेत्रका विद्यार्थीहरूलाई नयाँ कुरा पत्ता लगाउनका लागि सर्वप्रथम उपयोग गरिएको थियो । सोही कार्यबाट विकसित भएको सहकार्यात्मक सिकाइ अहिले व्यापक रूपमा फैलिरहेको छ। लाल र लाल (सन् २०१२) ले समस्या निराकरण, उद्देश्य प्राप्ति र सिर्जनका लागि समूहमा आवद्ध भएर सञ्चालन गरिने शैक्षिक उपागमका रूपमा चिनाएका छन् । त्यसै गरी सहकार्यात्मक सिकाइ सिकाइमा सिकारुहरूले समस्या साधान गर्नका लागि ससाना समूहमा आवद्ध हुन्छन् र आफ्ना उक्त समस्या समाधानका लागि आफ्नो योगदान दिन्छन् (कोहेन, सन् १९९४) । यसमा सिकारु समूहमा सहभागी हुन्छ र आफै सिक्ने वातावरण निर्माण गरिरहेको हुन्छ । लाल (सन् २०१३) ले सकारात्मक अन्तरनिर्भरता, अन्तरक्रिया, उत्तरदायित्व, सामाजिक सिप र समूहको आत्ममूल्याङ्कनलाई सहकार्यात्मक सिकाइका तत्त्वका रूपमा चिनाउँदै सँगै सोच्ने र सँगै काम गर्ने शैक्षणिक पद्धति भएको जनाएका छन् (पृ. ८१५-८१६) । कोलबेक र अन्य (सन् २०००) ले सहकार्यात्मक सिकाइलाई जोडी तथा समूहमा आधारित भई कक्षाकोठामा शिक्षण गरिने तरिकाका रूपमा चिनाएका छन् । यसरी हेर्दा सहकार्यात्मक सिकाइ विद्यार्थी केन्द्रित रणनीति हो । यसमा शिक्षक विद्यार्थी वा विद्यार्थी विद्यार्थीबिच अन्तरक्रिया, संवाद छलफल हुँदै सिकारुले सक्रिय भएर सिक्ने गर्दछन् ।

## सहकार्यात्मक सिकाइ र यसको आवश्यकता

सहकार्यात्मक सिकाइ भाषा शिक्षणको आवश्यकता हो । नेपाली भाषा शिक्षणलाई परम्परागत पद्धतिबाट विद्यार्थी केन्द्रित बनाउनका लागि सहकार्यात्मक सिकाइको उपयोग गर्न आवश्यक छ । यसले विद्यार्थीको सक्रियता र सहभागिता एवम् सिप विकासमा जोड दिने भएकाले नेपाली भाषा शिक्षणमा उपयोगी देखिन्छ । रेवथी (२०१५) ले सहकार्यात्मक सिकाइका रणनीतिहरूको प्रयोगले विभिन्न प्रकृतिका विद्यार्थीहरूको सिकाइ क्षमता वृद्धि हुने र विशेष आवश्यकता भएका विद्यार्थीहरूको सिकाइ क्षमता विकासका लागि उपयोगी हुने बताएका छन् । उनले विद्यार्थीको सिकाइ सक्षमता अभिवृद्धिका लागि सहकार्यात्मक सिकाइमा जोड दिएका छन् । भण्डारी (२०२१) ले सहकार्यात्मक सिकाइले विद्यार्थीको उपलब्धिमा सुधार ल्याउने भएकाले यसको प्रयोग गर्न सुझाएका छन् । उनले विद्यार्थीहरूलाई आलोचनात्मक र सिर्जनात्मक बनाउन सहकार्यात्मक सिकाइ उपयोगी हुने धारणा प्रस्तुत गरेका छन् । त्यसै गरी थापा (सन् २०२२) ले विद्याथीहरूमा सञ्चार सिपका साथै रचनात्मक, सामाजिक र वैयक्तिक सिप विकासमा उपयोगी हुने विचार निकालेका छन् । यी विचारहरूलाई हेर्दा विद्यार्थीको सिकाइमा सुधार ल्याउन र विद्यार्थीमा सामाजिक, आलोचनात्मक, रचनात्मक एवम् वैयक्तिक सिप विकास गराउनका लागि सहकार्यात्मक सिकाइ आवश्यक रहेको छ ।

## सहकार्यात्मक सिकाइको वातावरण र अवस्था

सहकार्यात्मक सिकाइ शिक्षण सिकाइको आधुनिक अवधारणा हो । यसको प्रयोगसँग सम्बन्धित अध्ययन अनुसन्धान भएका छन् । डाँगी (सन् २०२१) ले गणित विषय शिक्षकहरू सहकार्यात्मक सिकाइका रणनीतिहरूको प्रयोगमा सकारात्मक धारणा राखे पनि त्यसको व्यावहारिक कार्यान्वयन पक्ष कमजोर रहेको देखाएका छन् । गणित विषयमा आधारित रहेर गरिएको यस अध्ययनले सहकार्यात्मक सिकाइको प्रयोग न्यून भएको देखाएको छ । सहकार्यात्मक सिकाइ सञ्चालन सम्बन्धमा अर्याल (सन् २०२२) ले सहकार्यात्मक सिकाइका कार्यकलापहरूको प्रयोग गर्दा शिक्षकले विद्यार्थीसँग मैत्री सम्बन्ध कायम राख्नुपर्ने र सिकाइमा समान अवसर प्रदान गर्ने वातावरण मिलाउनुपर्ने धारणा राखेका छन् । त्यसै गरी रेग्मी (सन् २०११) यसलाई कक्षाकोठाको उपयोगी कार्यकलापका रूपमा रहेको बताएका छन् । लाल र घोड्सी (सन् २०१२) ले सिकाइको वातावरण निर्माण गर्न, विद्यार्थीहरूमा सहयोगात्मक वातावरण निर्माण गर्न सहकार्यात्मक सिकाइ उपयोगी हुने बताएका छन् । यी सन्दर्भ र विचारहरूले सहकार्यात्मक सिकाइ उपयोगी भएको र त्यसको कार्यान्वयनको आवश्यकतालाई दर्साएका छन् ।

## सहकार्यात्मक सिकाइका चुनौती

नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइका कार्यकलापहरूको उपयोग गर्नु चुनौतीपूर्ण कार्य मानिएको छ । यसका सम्बन्धनमा विभिन्न अध्ययन तथा अनुसन्धानहरूले सहकार्यात्मक सिकाइका चुनौतीहरू प्रस्तुत गरेका छन् । जान्सेन र वुब्बेल्स (२०१८) ले विद्यार्थीहरूमा सहकार्यात्मक सिपको अभाव, स्वतन्त्र काम गर्ने प्रवृत्ति, सक्षमता र मित्रताको भावनालाई सहकार्यात्मक सिकाइका अवरोधका रूपमा लिएका छन् । त्यसै गरी हल (सन् २०१४) ले सहकार्यात्मक सिकाइमा समूहको आकार र सक्षमतालाई मुख्य कारकका रूपमा चिनाएका छन् । भण्डारी (सन् २०२२) ले समय, कक्षा व्यवस्थापन, तालिम, सहकार्यात्मक संस्कृतिको अभावलाई समस्याका रूपमा उल्लेख गरेका छन् । रावल (सन् २०२२) ले आफ्नो अध्ययनमा शिक्षकको परम्परागत पद्धतिको उपयोग गर्ने प्रवृत्ति, केटाकेटीको सामाजिक भूमिका र पेसागत विकासले सहकार्यात्मक सिकाइमा प्रभाव पार्ने बताएका छन् । अर्याल (२०२२) ले परम्परागत शिक्षण विधिको प्रयोग, कक्षाकोठाको विविधता, विद्यार्थी सङ्ख्या र बसाइले सहकार्यात्मक सिकाइलाई प्रभाव पार्ने विचार दिएका छन् । रञ्जनी (सन् २०१८) ले पनि धेरै विद्यार्थी सङ्ख्या, कक्षाकोठा, उत्प्रेरणा, परीक्षा केन्द्रित विधि र तालिमलाई चुनौतीका रूपमा

स्विकार गरेका छन् । यी अध्ययनहरूलाई हेर्दा सहकार्यात्मक सिकाइमा विभिन्न तत्त्वहरूले प्रभाव पार्ने गरेका पाइएको छ ।

## व्याख्या विश्लेषण

वर्तमान सन्दर्भमा नेपाली भाषा शिक्षणम सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालन गर्नु चुनौतीपूर्ण छ । शिक्षकका अनुभव र कक्षा अवलोकनबाट प्राप्त सूचनाका आधारमा यसका कार्यकलापहरू सञ्चालनका चुनौतीहरूलाई विद्यार्थी सहभागिता र सक्रियतासम्बन्धी चुनौती, विद्यार्थी सङ्ख्या र बसाइसँग सम्बन्धित चुनौती र समय र सामग्री सम्बन्धी चुनौतीहरूलाई प्रस्तुत गरिएको छ ।

### ज्ञान र सिपको अभाव

सहकार्यात्मक सिकाइ वर्तमानमा प्रचलित सिकाइको तरिका हो । नेपाली भाषा शिक्षणमा यसको न्यून प्रयोग देखिन्छ । यसका कार्यकलापहरू प्रयोग हुन नसक्नुमा यसका चुनौतीहरू जिम्मेवार देखिएका छन् । यससम्बन्धी ज्ञान र सिपको अभावका कारण यसको प्रयोग हुन नसकेको शिक्षकहरूले बताएका छन् ।

| | |
|---|---|
| शिक्षक 'क' | सहकार्यात्मक सिकाइ सिकाइको रणनीति हो भन्ने विषयमा हामी पूर्ण रूपमा जानकार छैनौँ । |
| शिक्षक 'ख' | सहकार्यात्मक सिकाइका बारेमा जानकारी दिने सामग्रीको अभाव छ । नेपाली भाषामा पढ्न सक्ने सामग्रीको अभाव छ । |
| शिक्षक 'ग' | सहकार्यात्मक सिकाइका केही रणनीतिहरूको नाम थाहा भए पनि यसको प्रयोग सिपका बारेमा जानकारी छैन । |
| शिक्षक 'घ' | हामीले अध्ययन गरेका पुस्तकमा नेपाली भाषा शिक्षणलाई आधुनिक एवम् नवीनतम् बनाउने तरिकाका बारेमा अध्ययन गर्ने अवसर कमै पाइन्छ । |

नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइको प्रवेश चुनौतीपूर्ण देखिएको छ । शिक्षकहरूमा यससम्बन्धी ज्ञानको अभाव छ । यसका तरिकाहरूको प्रयोग सिपको अभाव छ । आफ्नो शैक्षिक योग्यता प्राप्तिको अध्ययनका क्रममा यस्ता रणनीतिहरू समावेश हुन सकेका छैनन् । तालिम पाठ्यक्रममा स्थान पाउन सकेको देखिदैन । नेपाली भाषामा अध्ययनीय सामग्रीको अभाव रहेको देखिन्छ । शिक्षकहरूमा सहकार्यात्मक सिकाइसम्बन्धी ज्ञान र सिपको अभाव नै प्रमुख चुनौती हो ।

### विद्यार्थीको सहभागिता र सक्रियता

सहकार्यात्मक सिकाइका कार्यलकलापहरू सञ्चालन गर्दा सिकारुको सक्रियता महत्त्वपूर्ण हुन्छ । सहकार्यात्मक सिकाइमा एउटा मात्र विद्यार्थी निष्क्रिय भएमा समग्र समूहकै सिकाइ कमजोर हुने गर्छ । शिक्षकहरूले नेपाली भाषा शिक्षणका क्रममा सहकार्यात्मक सिकाइका कार्यकलापहरूको प्रयोग गर्दा विद्यार्थीको सक्रियतासँग सम्बन्धित चुनौतीहरू औँल्याएका छन् । यस्ता कार्यकलापहरूमा विद्यार्थीको सक्रिय सहभागिता आवश्यक पर्ने तर सबै विद्यार्थीलाई समान रूपमा सक्रिय बनाउने कार्य चुनौतीपूर्ण रहेको बताएका छन् । सिकाइ क्षमता राम्रो भएका विद्यार्थीको सक्रियता धेरै हुने, कमजोर विद्यार्थीहरूको न्यून सक्रियता हुने गरेको पाइएको छ ।

कक्षा अवलोकनका सन्दर्भमा के पाइएको छ भने ठुला समूहमा विद्यार्थीहरू छलफलमै सहभागी नभएर निष्क्रिय भएको र साना समूहमा पनि केही विद्यार्थीहरू निष्क्रिय रहने गरेको पाइएको छ । शिक्षक 'क'को कक्षा अवलोकनका क्रममा चार समूह विभाजन भएको थियो । पहिलो समूहमा ३ बेन्चका

विद्यार्थी यथास्थानमा बसेका थिए । उनीहरूलाई पहिलो समूह मानियो तर छलफल भने बेन्चका विद्यार्थीहरू बिच मात्र भएको पाइयो ।

अवलोकनबाट शिक्षकले समूहमा काम गर्न दिएको तर केही विद्यार्थीहरूले सामान्य ज्ञानको अध्ययन गरिरहेको पाइएको छ । यसले समूहकार्य सञ्चालन गर्दा सबै विद्यार्थीलाई विषयवस्तुमा केन्द्रित गराउन पनि चुनौतीपूर्ण रहेको पाइयो । शिक्षकले कक्षा कार्य व्यक्तिगत रूपमा गर्न दिइएको र विद्यार्थीहरूले आफ्ना साथीहरूसँग सोध्न खोजेको तर आफ्नो आवाज शिक्षक सुन्छन् कि भनेर डराएर सानो आवाजमा सोधेका पुस्तिकामा टिपोट गरिएको छ । विद्यार्थीले साथीबाट सिक्ने चाहना राखेको र त्यसलाई कक्षाकोठाको वातावरणले नै प्रभावित बनाएको पाइयो ।

यससँग सम्बन्धित विचारहरू शिक्षकले यसरी व्यक्त गरेका छन् :

| | |
|---|---|
| शिक्षक 'क' | परम्परागत शिक्षणको मानसिकता नहटेकाले सिकाइका लागि विद्यार्थी परिचालन नै चुनौतीपूर्ण हुन्छ । |
| शिक्षक 'ख' | सिकाइमा राम्रा उपलब्धि भएका विद्याथीहरू कक्षाकार्यमा बढी सक्रिय हुन्छन् । उनीहरूको सक्रियता र अन्य विद्यार्थीको सक्रियता समान देखिँदैन । |
| शिक्षक 'ग' | कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरू नै कक्षाका शैक्षणिक गतिविधिमा कम सहभागी हुन्छन् । कक्षामा उनीहरूलाई सक्रिय सहभागी बनाउने उपायहरू कमै प्रयोग गरिन्छ ।<br>लाज मान्ने, ठग्ने र अटेरी बालबालिकहरू पनि कक्षामा हुने गर्छन् । उनीहरू कार्यमा सहभागी नै हुँदैनन् । तिनीहरू शिक्षक र अभिभावकको नियन्त्रणमा नहुने हुनाले पनि कार्यकलापहरू प्रभावित हुने गरेको पाइन्छ । |
| शिक्षक 'घ' | सहकार्यात्मक सिकाइ सञ्चालन गर्दा निर्धारित कार्य सम्पन्न गर्न सिपालु विद्यार्थीकै सक्रियता बढी हुने भएकाले उनीहरूलाई रोक्न सकिदैन । अरुलाई सहभागी गराउन सकिदैन । |
| शिक्षक 'ङ' | समूहको सम्बन्धित विषयमा आफूसँग ज्ञान नभएको महसुस गर्दा विद्यार्थीहरू निष्क्रिय हुने गरेका छन् । |
| शिक्षक 'च' | समूहमा जिम्मेवारी बाँडफाँड प्रभावकारी नहुँदा पनि विद्यार्थी सक्रियता र सहभागिता समान हुन सकेको छैन । कक्षामा यस्ता कार्यकलाप कहिलेकाँही मात्र हुने भएकाले विद्यार्थीहरू सिकाइमा सक्रिय सहभागिताको अवसर हुन सकेको छैन । |

माथिका विचारबाट सहकार्यात्मक सिकाइका कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीको सक्रियता र सहभागिता चुनौतीपूर्ण रहेका देखिन्छ । विद्यार्थीहरूले सिकाइमा समान अवसर नपाउने, कक्षामा सक्रिय सिकाइको अवस्था नहुने, कार्य सम्पन्न गर्न अरूमा आश्रित हुने प्रवृतिले सहकार्यात्मक सिकाइका कार्यकलापमा विद्यार्थीहरूको समान सक्रियता र सहभागिता हुन नसक्ने देखिएको छ । विद्यार्थीहरूको सक्रियता सहभागिता सम्बन्धमा शिक्षकहरूले उल्लेख्य चासो नराखेको पाइन्छ । कक्षाकोठामा विद्यार्थीलाई सिकाइमा सहभागी गराउने र उनीहरूको सक्रियता बढाउने कार्यकलापहरू न्यून हुने गरेको पाइएको छ । वर्तमान कक्षाका सन्दर्भमा विद्यार्थीलाई समान सक्रियता र सहभागिता बनाउन चुनौतीपूर्ण रहेको छ ।

## विद्यार्थी सङ्ख्या र बसाइ

वर्तमान समयमा सबै कक्षाकोठाहरूमा डेस्क बेन्चमा आधारित बसाइ रहेको छ । सबै विद्यार्थीहरू अगाडि फर्केर बसेका छन् । आफ्नो बेन्चबाहेक अन्य विद्यार्थीसँग कुराकानी गर्न सकिने अवस्था देखिदैन । कक्षाकोठाभरि बेन्च रहेका छन् । कक्षामा ५० भन्दा बढी विद्यार्थीको उपस्थिति देखिन्छ । बेन्चहरू सार्न र चनाउन नमिल्ने गरी राखिएको छ । यस्तो खालको बसाइलाई केही

शिक्षकहरूले परम्परागत बसाइ भनेका छन् । यस्ता प्रकृतिको बसाइ व्यवस्थापन विद्यार्थी सङ्ख्या सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालनका चुनौतीका रूपमा रहेको सबै शिक्षकहरूले धारणा राखेका छन् ।

| | |
|---|---|
| शिक्षक 'क' | विद्यालयमा विद्यार्थीको सङ्ख्याअनुसार फर्निचरको अभाव छ । भौतिक संरचनाहरू समूह कार्यका लागि उपयुक्त छैनन् । विद्यार्थीको बसाइ पनि सहज छैन । |
| शिक्षक 'ख' | विद्यार्थीको बसाइ व्यवस्थापन नै समूह कार्यका लागि उपयुक्त किसिमको छैन । विद्यार्थीको बस्ने डेस्क र बेन्चहरूले पनि समूह कार्यलाई सहयोग गर्दैनन् । |
| शिक्षक 'ग' | कक्षाकोठाहरू परम्परागत छन् । सार्न र चलाउन नसकिने डेस्क बेन्च छन् । विद्यार्थीको बसाइ समूह कार्यका लागि असहज छन् । |
| शिक्षक 'घ' | हाम्रा जस्ता सामुदायिक विद्यालयमा एउटा कक्षामा नै ८० जना भन्दा धेरै विद्यार्थी हुन्छन् र कक्षाकोठाको आकार विद्यार्थीको सङ्ख्याअनुसार नुहुन समस्याका रूपमा रहेको छ । |
| शिक्षक 'ङ' | कक्षा ९ र १० मा ६० जनाको हाराहारीमा विद्यार्थी हुने भएकाले समय धेरै लाग्ने र विषयवस्तु सक्न गाह्रो हुने गरेको छ । सहकार्यात्मक सिकाइका लागि कक्षाकोठा सानो भएकाले पनि गाह्रो भएको छ । |
| शिक्षक 'च' | सहकार्यात्मक सिकाइका कार्यकलापहरू प्रयोग गर्दा एउटा समूहका कार्यले अर्को समूहको कार्यलाई पनि प्रभावित गर्ने गरेको बताएका छन् । |

माथिका भनाइ र कक्षा अवलोकनबाट वर्तमान अवस्थामा रहेका कक्षाकोठाका फर्निचर र विद्यार्थी सङ्ख्या सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालनका लागि उपयुक्त छैनन् भन्ने बुझिन्छ । सिकाइलाई प्रभावकारी बनाउनका लागि कक्षाकोठाको बसाइ व्यवस्थापन आवश्यक हुन्छ । धेरै विद्यार्थी सङ्ख्या भएका कक्षामा सहकार्यात्मक सिकाइका कार्यकलाप सञ्चालन गर्न कठिनाई रहेको देखिन्छ । विद्यार्थीले एक अर्कासँग अन्तरक्रिया गर्नका लागि आमनेसामने बस्ने अवस्था देखिदैन । अगाडिका विद्यार्थीलाई पछाडि फर्काएर समूहमा काम गर्न कक्षामा उपलब्ध डेस्क र बेन्च उपयुक्त छैनन् । वर्तमान मौजुदा भौतिक पूर्वाधारले विद्यार्थीको सहकार्यात्मक सिकाइका कार्यकलाप सञ्चालनमा प्रोत्साहन गर्न सकेको छैन ।

## सामग्री र समयको असहजता

सहकार्यात्मक सिकाइका कार्यकलापहरूमा छलफल, अन्तरक्रिया र समूहगत प्रस्तुति रहन्छन् । शिक्षकले विषयवस्तुको वर्णन गर्न लाग्ने समयभन्दा छलफल, अन्तरक्रिया, प्रस्तुति आदिमा समय बढी लाग्छ । भाषा शिक्षणमा भाषिक सिपहरूको अभ्यास गराउनुपर्ने भएकाले त झनै समय बढी आवश्यक पर्छ । सहभागी सबै शिक्षकहरूले आफूले ४५ मिनेटको कक्षा पढाएको र ४५ मिनेटको समय सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालन गर्न पर्याप्त नरहेको धारणा व्यक्त गरेका छन् । शिक्षकहरूका धारणालाई यसरी प्रस्तुत गरिएको छ :

। शिक्षक 'ग' को कक्षा अवलोकनका क्रममा शिक्षकले सदनगत रूपमा समूह विभाजन गरेर शिक्षण गरिरहँदा विद्यार्थीहरूको प्रस्तुति बोर्डमा लेखेर गर्नुपर्ने हुँदा दोस्रो समूहको प्रस्तुतिमा कक्षा सकिएको घण्टी बजिसेकेको थियो । समूह कार्यका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन नहुँदा समय बढी बढी लागेको कक्षा अवलोकनबाट देखियो ।

| | |
|---|---|
| शिक्षक 'क' | कक्षामा समूहमा सञ्चालन गरेका कार्यहरूको प्रस्तुतिले धेरै समय लिन्छ। एक दिनमा सकिने विषयवस्तुलाई पनि दुई तीन दिन लाग्ने गर्छ। |
| शिक्षक 'ख' | कक्षाकोठामा अध्यापन गराउने समयावधि कम छ । पाठ्यक्रमले निर्धारण गरेको वार्षिक कार्यघण्टाअनुसार पढाउने अवस्था रहँदैन । |
| शिक्षक 'ग' | सहभागितामूलक कार्यकलाप सञ्चालनका लागि समय पर्याप्त हुँदैन । |
| शिक्षक 'घ' | "पाठ्यक्रमले छुट्याएको समय व्यवस्थापन गर्न नसकिएको अवस्थामा ४५ मिनेटको घण्टीमा ४० मिनेटको समयमा यस्ता विधि प्रविधिको प्रयोग गर्न कठिन छ । |
| शिक्षक 'ङ' | ४५ मिनेको समयले कक्षाका सबै विद्यार्थीको सक्रियता र सहभागितालाई समेट्न सकिदैन । |
| शिक्षक 'च' | ४५ मिनेटको समयमा शिक्षणको योजनाअनुसार सहकार्यात्मक सिकाइका कार्यकलापहरू प्रयोग गर्न सकिने अवस्था छैन । काम गराउँदा गराउँदै अर्को घण्टी बजिसकेको हुन्छ |

यी विचारहरूले पाठ्यक्रमले निर्धारण गरेअनुसारको समय उपलब्ध नभएको जनाउँछन् । माध्यमिक शिक्षा पाठ्यक्रले नेपाली विषयमा साप्ताहिक पाँच र वार्षिक १६० कार्यघण्टा छुट्याएको छ । विद्यालयले हप्तामा ३० देखि ७५ मिनेटको समय घटाएको देखिन्छ । सहकार्यात्मक सिकाइका विद्यार्थीको सक्रिय सहभागिता रहने, गरेर सिक्ने, साथीसँगको अन्तरक्रियाबाट सिक्ने, छलफलबाट सिक्ने भएकाले यस सम्बद्ध कार्यकलाप सञ्चालन गर्न आवश्यक छ । यस्ता कार्यकलापमा विद्यार्थी सहभागी गराउँदा ४५ मिनेटको समयावधि कम भएको देखिन्छ । उक्त समयमा अन्य कुराले पनि समय खर्चेको पाइन्छ । शिक्षक कक्षामा प्रवेशपछि विद्यार्थीहरू केही समयसम्म भित्र आइरहने गरेको पाइन्छ । एउटा कक्षा सकेर अर्को कक्षामा जाँदा कक्षाकोठा आवतजावतको समय पनि शिक्षण समयभित्र पर्ने गरेको छ । कक्षामा विद्यार्थीका भिन्न गतिविधिलाई शान्त पार्न वा विषयकेन्द्रित बनाउन पनि केही समय लाग्ने गरेको छ । साथै समूहमा आधारित कार्यकलापमा विद्यार्थीहरू बानी नपर्नाले धेरै निर्देशनहरू दिनुपर्ने देखिएको छ । यी कुराले पनि निर्धारित समयलाई प्रभावित बनाएका छन् । कतिपय अवस्थामा शिक्षकका गतिविधि र सामग्रीको उपलब्धता नहुँदा पनि समय व्यतित भइरहेको देखिन्छ ।

सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालन गर्दा सामग्रीको उपलब्धता नहुने भएकाले पनि गाह्रो हुने गरेका विचार व्यक्त गरेका छन् । त्यसको साथै नयाँ नयाँ सिकाइ पद्धतिका बारेमा अध्ययन गर्ने स्रोत सामग्री नहुनु, शिक्षकको निरन्तर पेसागत विकास र विद्यालयमा सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालन गर्ने परिपाटी नहुनुलाई पनि शिक्षकहरूले चुनौतीका रूपमा लिएका छन् । यसरी हेर्दा शिक्षकहरूले कक्षाकोठाको बसाइ व्यवस्था, समय र विद्यार्थीको सक्रियतालाई सहकार्यात्मक सिकाइका कार्यकलापहरूको प्रमुख चुनौतीका रूपमा देखिएका छन् ।

## शिक्षक मनोवृत्ति र पेसागत विकासको आवश्यकता

निरन्तर पेसागत विकास विकास नितान्त आवश्यक विषय हो । परिवर्तित विश्वमा आइरहेका शिक्षणसम्बन्धी मान्यताको बारेमा जानकारी लिन र त्यसको प्रयोगमा शिक्षक अग्रसर रहनुपर्छ । पेसागत विकास सचेत शिक्षकहरू नै असल शिक्षकका रूपमा रहन्छन् । सहकार्यात्मक सिकाइ सञ्चालन गर्नका लागि शिक्षक पेसागत विकासमा सक्षम हुनुपर्ने देखिन्छ । शिक्षकको पेसागत विकासले सहकार्यात्मक सिकाइ सञ्चालनमा प्रभाव पार्ने गरेको देखिन्छ । नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइका कार्यकलापहरू प्रयोग गर्दा पेसागत विकास चुनौतीका रूपमा देखिएको छ । शिक्षक 'क' ले सहकार्यात्मक सिकाइ नयाँ भएको हुनाले पेसागत रूपमा निरन्तर लागेको शिक्षकलाई मात्र यसको बारेमा जानकारी हुने धारणा राखेका छन् ।

| | |
|---|---|
| शिक्षक 'क' | हामीलाई जे सजिलो लाग्छ, त्यही प्रयोग गर्छौं । नयाँ नयाँ कुराको खोजी गर्ने र त्यसको प्रयोग गर्ने परिपाटी बस्न सकेको छैन । |
| शिक्षक 'ख' | शिक्षक तालिममा नवीन रणनीतिले पर्याप्त स्थान पाउनुपर्ने देखिन्छ । |
| शिक्षक 'ग' | वर्तमान समयमा ज्ञान तथा सिपका लागि स्रोत साधन पर्याप्त भएको र त्यसका लागि शिक्षकको चाहना महत्त्वपूर्ण हुन्छ । |
| शिक्षक 'घ' | नयाँ नयाँ कुरा सिक्नका लागि शिक्षक पेसागत विकासमा लाग्नुपर्ने हुन्छ । |
| शिक्षक 'ङ' | कुशल शिक्षकको अभावमा सहकार्यात्मक सिकाइका कार्यकलाप सञ्चालन गर्न कठिन हुन्छ । |
| शिक्षक 'च' | शिक्षक जागिरे मनोवृत्तिबाट अगाडि बढ्यो भने ऊ पेसागत विकासमा सहभागी नहुने धारणा राखेका छन् । |

माथिका विचारलाई विश्लेषण गर्दा शिक्षकको मनोवृत्तिले पेसागत विकासमा असर पुऱ्याएको छ । शिक्षकहरू आफ्नो पेसागत विकासमा निरन्तर लागिरहने अवस्था कमै देखिएको छ । सिकाइका उपलब्ध स्रोत र साधनहरूको सही पहिचान र प्रयोग गर्न सकेका छैनन् । शिक्षकहरूमा भएको परम्परागत शिक्षण मनोवृत्तिमा पूर्णतः परिवर्तन आउन सकेको छैन । कक्षाकोठा प्रवेश र पाठ व्याख्या र विश्लेषणलाई मुख्य कार्य मान्ने गरिएको छ । कक्षामा नयाँपन ल्याउँदा देखा पर्न सक्ने सम्भावित चुनौतीहरू शिक्षकले सामना गर्ने चाहना राखेको पाइँदैन ।

शिक्षकहरूलाई पेसागत विकासमा लाग्न प्रेरित गर्ने पक्षहरूको अभाव रहेको देखिन्छ । पेसागत विकासको हुँदा न नहुँदाको भिन्नता बोध गर्न सकेको देखिदैन । पेसागत विकासलाई प्राथमिकता कमै दिएको देखिन्छ । सहकार्यात्मक सिकाइ शिक्षणमा आएको नवीनतम् सिकाइ उपागम हो । यसलाई नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षकहरूले पर्याप्त स्थान दिन सकेको देखिदैंन । शिक्षक आफ्नो पेसागत विकासमा निरन्तर लागेको खण्डमा यस्ता कार्यकलापको बारेमा जानकारी हुने र कक्षामा प्रयोग गर्न प्रेरणा मिल्छ । नेपाली भाषा शिक्षकहरूको पेसागत विकासको निरन्तरता र विद्यार्थीको सिकाइलाई सर्वोपरि स्थान दिने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने देखिन्छ ।

नेपाली भाषा शिक्षणमा व्याख्यान, प्रवचन, छलफल र प्रश्नोत्तर विधिकै बढी प्रयोग हुने गरेको पाइएको छ । यसले नेपाली भाषा शिक्षणलाई परम्परागत रूपमै रहेको सङ्केत गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरूका अन्य विविध जिम्मेवारीहरूले पनि पेसागत विकासमा लाग्न असर गरेको देखिन्छ । शिक्षकहरूको उच्च कार्यभारले शिक्षकहरूलाई सहकार्यात्मक सिकाइका बारेमा सिक्ने र उपयोग गर्न असहज बनाउने गर्छ । शिक्षकहरूमा योजना र पूर्व तयारीको अभाव देखिन्छ । विद्यालयमा अरुबाट सिक्ने र अरुलाई सिकाउने प्रवृत्ति कमै पाइन्छ । विद्यालयले शिक्षकका लागि सिक्ने थलो बन्न सकेको छैन । शिक्षकहरूमा सहजीकरण सिपको अभाव पाइन्छ । यी विविध कारणहरूले पनि सहकार्यात्मक सिकाइका कार्यकलाप नेपाली भाषा शिक्षणमा सञ्चालन गर्न चुनौतीपूर्ण देखिएको छ ।

## सहकार्यात्मक सिकाइलाई प्रभावकारी बनाउने तरिकाहरू

सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालन गर्दा विभिन्न चुनौतीहरू देखिए पनि नेपाली भाषा शिक्षणका सन्दर्भमा यसको आवश्यकता र उपयोगिता धेरै रहेने विषयमा शिक्षकका धारणाहरू प्रस्तुत भएका छन् । शिक्षकहरूले पनि सहकार्यात्मक सिकाइका कार्यकलापहरूको प्रयोग भाषा शिक्षण उपयोगी हुने धारणा राखेको पाइयो । नेपाली भाषा शिक्षणका क्रममा सहकार्यात्मक सिकाइका कार्यकलापहरूको प्रयोगलाई प्रभावकारी बनाउने सम्बन्धमा अधिकांश शिक्षकहरूले बसाइ व्यवस्थापनलाई महत्त्वपूर्ण मानेका छन् । त्यसै गरी समय र विद्यार्थी सङ्ख्या पनि व्यवस्थापन गर्नुपर्ने विचार अभिव्यक्त गरेको पाइन्छ । यसै सन्दर्भमा शिक्षक 'ग' भन्छन्,

सधैँ एउटै खालको बसाइ व्यवस्थापन भएका कक्षाकोठाले विद्यार्थीको मनस्थितिमा सकारात्मक प्रभाव नपार्ने भएकाले यसको व्यवस्थापन गर्न जरुरी हुन्छ । फर्निचरहरू सार्न सकिने खालका हुनुपर्छ । कक्षामा विद्यार्थी सङ्ख्या २५ वा ३० जनासम्म हुनुपर्छ । पाठ्यक्रमले निर्धारण गरेको समय पढाउ मिल्ने गरी व्यवस्थापन गर्नुपर्छ ।"

शिक्षक 'ग' को यस भनाइसँग अन्य शिक्षकका विचारहरू पनि मिल्दा जुल्दा देखिन्छन् । शिक्षक 'क' र 'ज'ले शिक्षकको कार्यभार धेरै भएको र शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्ने धारणा राखेका छन् ।

शिक्षक 'क' ले विद्यालयमा भएका स्रोत र साधनको अधिकतम प्रयोग गर्दै विद्यालयको हल, चौर आदिको प्रयोग गर्नुपर्ने र योजना निर्माण गर्नुपर्ने विषयमा जोड दिएका छन् । शिक्षक 'ग' र 'च' ले तत्कालका लागि सबै कोठाका फर्निचर व्यवस्थापन गर्न नसकिने हो भने पनि विद्यालयमा विद्यार्थीको यु, एल, गोलो आकारामा बस्न सकिने खालको सामग्रीको उपलब्धतासहतिको एउटा कक्ष वा हलको आवश्यकता रहेको देखाएका छन् । शिक्षक 'ख' ले सहकार्यात्मक सिकाइकाका कार्यकलापहरू सञ्चालनमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने धारणा राखेका छन् । अधिकांश शिक्षकहरूले विद्यार्थीको बसाइ, समय, सामग्रीको व्यवस्थापनलाई बढी जोड दिएका छन् ।

सहकार्यात्मक सिकाइका कार्यकलापहरू प्रयोग गर्दा विद्यार्थी समूहमा काम गर्नुपर्ने हुन्छ । समूहमा काम गर्दा विद्यार्थीहरू एकआपसमा मुखामुख गरी हेर्न र बोल्न सक्ने हुनुपर्छ । त्यसका लागि कक्षाकोठाको व्यवस्थापन महत्त्वपूर्ण मानिन्छ । यु आकार, एल, आकार गोलाकारमा बस्न सकिने खालका फर्निचरको व्यस्वस्था आवश्यक हुन्छन् । साथै धेरै विद्यार्थीहरू भएको कक्षाकोठामा यस्ता कार्य सञ्चालन गर्न कठिन हुने भएकाले कक्षाकोठामा विद्यार्थी सङ्ख्या कम हुनुपर्ने देखिन्छ । पाठ्यक्रमले निर्धारण गरेअनुसारका समय र आवश्यक सामग्री विद्यालयमा उपलब्ध हुनुपर्ने देखिन्छ । शिक्षण एउटा कला पनि भएको हुनाले शिक्षक निरन्तर आफ्नो पेसागत विकास लाग्नुपर्छ । यस्ता कार्य गर्न सकेमा कक्षाका सहकार्यात्मक सिकाइका कार्यकलापहरूका प्रयोग बढाउन सकिने र यसले सिकाइलाई प्रभावकारी बनाउँछ ।

वर्तमान सन्दर्भमा नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालन गर्नु आवश्यकताको विषय बनेको छ । शिक्षकका अनुभव र कक्षा अवलोकनबाट प्राप्त सूचनाका आधारमा यसका कार्यकलापहरू सञ्चालनका चुनौतीहरूलाई परम्परागत विधिको प्रयोगले निम्त्याएका चुनौती, विद्यार्थी सहभागिता र सक्रियतासम्बन्धी चुनौती, विद्यार्थी सङ्ख्या र बसाइसँग सम्बन्धित चुनौती, समय र सामग्रीसम्बन्धी तथा शिक्षक पेसागत विकास र मनोवृत्तिगत चुनौतीहरूलाई प्रस्तुत गरिएको छ ।

## नजिता र छलफल

नेपाली भाषाका कक्षाहरूमा परम्परागत सिकाइ शैलीको प्रभाव परिरहेको छ । कक्षाकोठाको व्यवस्थापनमा पनि नवीनता आउन सकेको छैन । शिक्षकहरूमा नयाँ विधि खोज गरी शिक्षण गर्ने परिपाटी न्यून छ । सहकार्यात्मक सिकाइका कार्यकलाप सञ्चालनका लागि यससम्बन्धी ज्ञान सिपको अभाव, कक्षाकोठा र बसाइ, समय व्यवस्थापन र विद्यार्थीको सक्रियता, शिक्षक मनोवृत्ति र पेसागत विकास मुख्य चुनौतीका रूपमा रहेका छन् । सहकार्यात्मक सिकाइका सन्दर्भमा भण्डारी (सन् २०२२) ले पेसागत तालिम र सहकार्यात्मक संस्कृति नहुनु, समय व्यव्यस्थापन नहुनु, कक्षा व्यवस्थापन र प्रशासनिक सहयोग नहुनुलाई चुनौतीका रूपमा उल्लेख गरेका छन् (पृ. ९-१०) । नेपाली भाषा शिक्षणमा विद्यार्थी विद्यार्थीबिचको छलफल, अन्तरक्रिया, सहयोग र सहकार्यका कार्यकलापहरूको बाहुल्य देखिँखैन । विद्यार्थीहरूले पनि कक्षामा शिक्षकको परम्परागत भूमिकालाई सहज रूपमा स्विकादै आएको देखिन्छ । भण्डारी (सन् २०२१) अङ्ग्रेजी भाषा शिक्षण सहकार्यात्मक कार्यकलापका चुनौतीहरू

रहेको कुरा बताउँदै उनी भन्छन्, "नेपालको शिक्षण परम्परामा अङ्ग्रेजी भाषा शिक्षकलाई ज्ञानको स्रोत मान्ने भएकाले यस्तो अवस्थामा विद्यार्थीहलाई सिकाइमा सहभागी गराइ छलफल र अन्तरक्रियामा सहभागी बनाउन चुनौतीपूर्ण मानिन्छ (पृ. २०३) । रावल (सन् २०२२) ले शिक्षकहरूले व्याख्यान विधिलाई सजिलो मान्ने, केटा केटीको सामाजिक भूमिका भिन्न हुने, परम्परागत शिक्षण विधिले सहकार्यात्मक सिकाइलाई चुनौतीपूर्ण बनाएको बताएका छन् (पृ. ४९) । त्यसै गरी परम्परागत शिक्षण विधि, शिक्षक केन्द्रित तरिका, कक्षाकोठाको विविधता र भिडभाडयुक्त कक्षाकोठा भएको अवस्थामा शिक्षण सिकाइका प्रक्रिया चुनौतीपूर्ण बनेका छन् (अर्याल, सन् २०२२, पृ. ३) । विद्यार्थी सङ्ख्या, ठुलो ग्रामीण क्षेत्र, पूर्वाधार, उत्प्रेरणाको कमी, परीक्षा केन्द्रित विधि, शिक्षक तालिम नै सहकार्यात्मक सिकाइका चुनौतीका रूपमा विश्लेषण गरेका छन् (शिवरन्जनी, सन् २०१८, पृ. १९४) । सहयोगात्मक वातावरणको महत्त्वका सन्दर्भमा थापा (२०२२) ले सहयोगी वातावरण नहुँदा भाषा सिकाइ चुनौतीपूर्ण हुने (पृ. ५८) बताएका छन् । विद्यार्थीहरूमा सहकार्यात्मक सिपको अभाव, स्वतन्त्र काम गर्ने प्रवृत्ति, सक्षमताको अवस्था र समूहमा देखिने द्वन्द्व आदि सहकार्यात्मक सिकाइका अवरोधहरू हुन्  र यो शिक्षणमा आवश्यक कार्य हो । (जन्सेन र वुब्बेल्स, सन् २०१८, पृ. ११८) । गणित विषय शिक्षणमा सहकार्यात्मक सिकाइमा ९५ प्रतिशत शिक्षकहरूले समयको अभाव रहने गरेको बताएका छन् (डाँगी, सन् २०२१, पृ. २८) । नेपाली भाषा शिक्षणमा सहकार्यात्मक सिकाइका कार्यकलापहरू सञ्चालनका चुनौतीहरू र अन्य विषय क्षेत्रका चुनौतीहरूबिच समानता पाइन्छ । ज्ञान सिपको अभाव, कक्षामा धेरै विद्यार्थी सङ्ख्या, रोमा आधारित बसाइ र ४५ मिनेटको समय, शिक्षक मनोवृत्ति र पेसागत विकासलाई चुनौतीका देखिएका छन् । साथै विद्यार्थीको सक्रियता कमी, सामग्रीको अभाव, परम्परागत विधिको प्रभावका कारण सहकार्यात्मक सिकाइका कार्यकलापहरू चुनौतीपूर्ण बनेका छन् । यी प्रमाण र नेपाली भाषा शिक्षकका विचारहरूको छलफलबाट वर्तमान अवस्थामा नेपाली भाषा सिकाइमा सहकार्यात्मक कार्यकलापहरूको प्रयोग चुनौतीपूर्ण रहेको देखाउँछ । चुनौतीहरूको समाधानका लागि सर्वप्रथम शिक्षक अग्रसर भई यस्ता चुनौतीहरूलाई हटाउन सकेमा मात्र सहकार्यात्मक सिकाइ प्रभावकारी हुने देखिन्छ ।

## निष्कर्ष

नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउनका लागि विद्यार्थी केन्द्रित कार्यकलापहरूको उपयोग गर्नु आवश्यक छ । शिक्षणलाई विद्यार्थी केन्द्रित र उपलब्धिमूलक बनाउने एउटा उपाय सहकार्यात्मक कार्यकलापहरूको उपयोग गर्नु पनि हो । सहकार्यात्मक सिकाइका कार्यकलापहरू उपयोग गर्दा शिक्षकले यसका चुनौतीहरूसँग परिचित हुन आवश्यक छ । कक्षामा सहकार्यात्मक सिकाइका कार्यकलापहरू प्रयोग गर्नका लागि यससम्बन्धी ज्ञान सिपको आवश्यकता देखिन्छ । सहकार्यात्मक कार्यकलाप जोडी वा समूहमा आधारित कार्यकलाप भएको हुनाले विद्यार्थीको सक्रियता र सहभागिताको आवश्यकता देखिन्छ । धेरै विद्यार्थी सङ्ख्या हुनु र परम्परागत बसाइलाई प्रमुख चुनौतीका रूपमा लिइएको छ । हाम्रो सामाजिक एवम् सांस्कृतिक परिवेशले विद्यार्थीको सिकाइमा सक्रिय सहभागितामा प्रभाव पारेको देखिन्छ । विद्यालयमा शिक्षणका लागि निर्धारण गरिएको समय र सामग्रीको उपलब्धतालाई पनि चुनौतीका रूपमा स्विकारिएको छ । शिक्षकको पेसागत विकास र मनोवृत्तिले पनि सहकार्यात्मक सिकाइका कार्यकलाप सञ्चालन प्रभाव पार्ने देखिएको छ । नेपाली भाषा शिक्षण अन्य विषय शिक्षणमा सहकार्यात्मक कार्यकलापको उपयोगमा देखिएका समस्याहरूबिच समानता देखिन्छ । यस्ता चुनौतीहरूलाई न्यूनीकरण गरी सहकार्यात्मक कार्यलापहरू उपयोग गर्न सकिन्छ । यसरी भाषा शिक्षणलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन सकिन्छ ।

# सन्दर्भसूची

ढकाल, कृष्णराज (सन् २०२४). नेपाली भाषा शिक्षणमा कथा शिक्षण विधि र क्रियाकलाप. *सोलुखुम्बु मल्टिपल क्याम्पस रिसर्च जर्नल,* ६(१), १४१-१५०. https://doi.org/10.3126/smcrj.v6i1.74535

Aryal, A (2022). *Practices of Collaborative Learning in ELT Class at Secondary Level* [Un published M.Ed. Thesis]. Faculty of Education T.U. Kirtipur

Bhandari, B. L. (2021). Effectiveness of Collaborative Learning for Improving Learners' Writing Proficiency in English Classrooms. *Tribhuvan University Journal,* 36(01), 199–210. https://doi.org/10.3126/tuj.v36i01.43624

Bhandari, B. L. (2022). Collaborative Language Learning Practices of Teachers in ELT Classroom. *Lumbini Journal of Language and Literature,* 3(1), 1–12. https://doi.org/10.3126/ljll.v3i1.50487

Cohen, E. G. (1994) Restructuring the classroom: conditions for productive small groups, *Review of Educational Research, 64*(1): 1-35.

Colbeck, C.L., Campbell,S.E., & Bjorklund, S.A. (2000). Grouping in the Dark: What College Students Learn from Group Projects. *The Journal of Higher Education, 71*(1), 60-83.

Dangi, B.B. (2021). *Teacher's Perception and Practice on Collaborative Learning.* [Un published M.Ed. Thesis]. Department of Mathematics Education, Faculty of Education T.U. Kirtipur.

Hall, B. M. (2014). Designing collaborative activities to promote understanding and problem-solving. *International Journal of e-Collaboration (IJeC), 10*(2), 55-71.

Laal, M., & Ghodsi, S. M. (2012). Benefits of collaborative learning. *Procedia - Social and Behavioral Sciences, 31,* 486–490. https://doi.org/10.1016/j.sbspro.2011.12.091

Laal, M., & Laal, M. (2012). Collaborative learning: What is it? *Procedia - Social and Behavioral Sciences*. https://doi.org/10.1016/j.sbspro.2011.12.092

Le, H., Janssen, J., & Wubbels, T. (2018). Collaborative learning practices: Teacher and student perceived obstacles to effective student collaboration. *Cambridge Journal of Education*, 48(1), 103-122. https://doi.org/10.1080/0305764X.2016.1259389

Rawal, D. B. (2022). *Problems encountered in using collaborative teaching method* [Master's thesis,]. Central Department of Education, Department of Mathematics Education, Tribhuvan University.

Regmi, P. (2011). *Collaborative learning for the development of vocabulary* [Master's thesis, Tribhuvan University]. Prithvi Narayan Campus.

Revathi, D. (2015). *Effect of Collaborative Learning on Learning Outcomes of Students with Special Needs in Inclusive School* [Unpublished Thesis of

Doctor of philosophy]. Avinashilingam University for Women Coimbatore.

Sivaranjani, G. (2018). *Efficacy of collaborative learning in ELT classroom: A study of the undergraduate level students in Cuddalore District, Tamil Nadu* [Doctoral dissertation].Faculty of Arts, Department of English, Annamalai University.

Smith, B., & MacGregor, J. (1993). What is collaborative learning? *Washington Center News*, *7*, 10–12.

Thapa, K. K. (2022). *Role of Collaborative Learning for developing Communication Skills of Med Stidents : A Narrative Inquiry* [Un published M.Ed. Thesis]. Faculty of Education T.U. Kirtipur.

## लेखक परिचय

भुपेन्द्र बि.सी. श्री अमरज्योति माध्यमिक विद्यालय सुर्खेतमा २०७१ सालदेखि माध्यमिक तहको नेपाली विषय शिक्षक पदमा कार्यरत छन् । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुरबाट नेपाली शिक्षा विषयमा एम.एड. उत्तीर्ण गरी हाल नेपाल खुला विश्वविद्यालय सामाजिकशास्त्र तथा शिक्षा सङ्कायबाट दर्शनाचार्य तहमा शोधरत छन् ।